# नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको विधान
## २०७९
## (पहिलो संशोधन)

### परिच्छेद-१
### (प्रस्तावना, संस्थाको नाम र परिभाषा)

**प्रस्तावना** : नेपाल राष्ट्र भित्र नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलको विकास र विस्तार गर्ने र नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलमा अन्तर्राष्ट्रिय स्तरमा नेपालको सहभागीता बृद्धि गरी खेलकुदको माध्यमबाट राष्ट्रको प्रतिष्ठा अभिबृद्धि गर्न एवं नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेल र खेलाडीहरुको हकहित र कल्याणका लागी नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेल प्रति अभिरुचि राख्ने सबैलाई संगठित गर्न बाञ्छनीय भएकोले "नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघ"नामक संस्था स्थापना गरिएको छ।

१. **नाम र प्रारम्भः**

(क) यस विधानको नाम "नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको विधान २०७९" (पहिलो संशोधन) रहने छ।

(ख) यो विधान नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको साधारण सभाबाट पारित भएको मितिदेखी तुरुन्त लागु हुनेछ।

(ग) यो विधान वा विधानका दफा वा उपदफा तथा यस विधान अन्तरगत बनेका नियम विनियम वा निर्देशिका मुलुकको संविधान र कानूनसंग बाभिन गएको खण्डमा बाभिएको हदसम्म खारेज हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा

(क) "संघ" भन्नाले विधानको दफा ३ को उपदफा (२) बमोजिम स्थापना गरिएको नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघलाई जनाउने छ।

(ख) "प्रदेश संघ" भन्नाले यस विधानको दफा ४ को उपदफा (२) बमोजिम गठित प्रदेश नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघलाई जनाउने छ।

(ग) "जिल्ला संघ" भन्नाले विधानको दफा ५ उपदफा (२) बमोजिम गठित जिल्ला नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघलाई जनाउने छ।

(घ) "विधान" भन्नाले दफा १ (क) मा उल्लेख भए बमोजिम नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको विधान २०७९ लाई जनाउनेछ।

(ङ) "केन्द्रीय साधारण सभा" भन्नाले नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको सर्वोच्च निकायको रुपमा स्थापित दफा १२ (१) बमोजिम स्थापित केन्द्रीय साधारण सभालाई जनाउने छ।

(च) "प्रदेश साधारण सभा" भन्नाले दफा १२ (२) बमोजिम स्थापित प्रदेश साधारण सभालाई जनाउने छ।

(छ) "जिल्ला साधारण सभा" भन्नाले दफा १२ (३) बमोजिम स्थापित जिल्ला साधारण सभालाई जनाउने छ।

(ज) "कार्य समिति" भन्नाले यस विधानको दफा ३ (२), ४ (२) र ५ (२) बमोजिम गठन गरिएका नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको केन्द्रीय कार्य समिति तथा प्रदेश र जिल्ला संघको कार्य समितिहरूलाई जनाउने छ। सो शब्दले तदर्थ समितिलाई समेत जनाउने छ।

(झ) "परिषद्" भन्नाले "राष्ट्रिय खेलकूद विकास ऐन २०७९" बमोजिम स्थापित राष्ट्रिय खेलकुद परिषद्लाई जनाउने छ।

(ञ) "नेपाल ओलम्पिक कमिटी" भन्नाले अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले मान्यता प्रदान गरेको "नेपाल ओलम्पिक कमिटी" लाई जनाउने छ।

(ट) "पारा ओलम्पिक कमिटी" भन्नाले अन्तर्राष्ट्रिय पारा-ओलम्पिक कमिटीले मान्यता प्रदान गरेको राष्ट्रिय पारा ओलम्पिक कमिटीलाई जनाउने छ।

(ठ) "मन्त्रालय" भन्नाले नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयलाई सम्झनु पर्दछ।

(ड) "अध्यक्ष" भन्नाले नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको केन्द्रिय कार्य समिति को अध्यक्ष तथा त्यस अन्तर्गत बनेका प्रदेश संघ जिल्ला संघ तथा समिति, उपसमितिको अध्यक्षलाई सम्झनु पर्दछ।

(ढ) "उपाध्यक्ष" भन्नाले नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको केन्द्रिय कार्य समिति को उपाध्यक्ष तथा त्यस अन्तरर्गत बनेका प्रदेश संघ जिल्ला संघ तथा समिति, उप-समितिका उपाध्यक्षलाई सम्झनु पर्दछ।

(ण) "महासचिव" भन्नाले नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको केन्द्रिय कार्य समितिको महासचिवलाई सम्झनु पर्दछ।

(त) "कोषाध्यक्ष" भन्नाले नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको केन्द्रिय कार्य समितिको कोषाध्यक्ष तथा त्यस अन्तर्गत बनेका प्रदेश संघ, जिल्ला संघ तथा समिति, उपसमितिका कोषाध्यक्षलाई सम्झनु पर्दछ।

(थ) "सचिव" भन्नाले नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको केन्द्रिय कार्य समितिको सचिव तथा त्यस अन्तर्गत बनेका प्रदेश संघ, जिल्ला संघ तथा समिति, उपसमितिका सचिवलाई सम्झनु पर्दछ।

(द) "सदस्य" भन्नाले नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको केन्द्रिय कार्य समितिको सदस्य तथा त्यस अर्न्तगत बनेका प्रदेश संघ, जिल्ला संघ तथा समिति, उपसमितिका सदस्यहरुलाई सम्झनु पर्दछ। सो शब्दले नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघका पदाधिकारीहरु समेतलाई जनाउने छ।

(ध) "साधारण सदस्य" भन्नाले नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको साधारण सदस्यता प्राप्त गरेका व्यक्तिलाई संम्झनु पर्दछ।

(न) "प्रशिक्षक" भन्नाले नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघले मान्यता प्रदान गरेका आर्चरी खेलका प्रशिक्षकलाई संम्झनु पर्दछ।

(प) ''क्लब'' भन्नाले नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघ बाट मान्यता प्राप्त गरेका आर्चरी खेल सँग आबद्धसंस्था लाई जनाउने छ।

(फ) "खेलाडी" भन्नाले नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघबाट मान्यता प्राप्त तालिम केन्द्र (क्लब) मा प्रशिक्षणरत् नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलाडीलाई सम्झनु पर्दछ।

(ब) "राष्ट्रिय खेलाडी" भन्नाले आधिकारिक अन्तर्राष्ट्रिय प्रतियोगितामा देशको प्रतिनिधित्व गरी प्रतियोगितामा प्रतिस्पधा गरेका नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग का खेलाडीलाई सम्झनु पर्ने छ।

(भ) "केन्द्र" भन्नाले नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको केन्द्रीय कार्यालय/सचिवालयलाई सम्झनु पर्दछ।

(म) "नेशनल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग एकाडेमी (National Skating and Skateboarding Academy)" भन्नाले नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको राष्ट्रिय स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग प्रशिक्षण केन्द्रलाई सम्झनु पर्दछ।

(य) "चन्दादाता" भन्नाले नेपालको नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलको विकास र बिस्तारका लागि आर्थिक तथा भौतिक सहयोग पुऱ्याएको भनी नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघले मान्यता प्रदान गरेको व्यक्ति वा संस्था वा प्रतिष्ठानलाई जनाउने छ।

(र) "तोकिए वा तोकिए बमोजिम" भन्नाले यस विधान अन्तर्गत बनेका नियम, विनियम, निर्देशिका वा केन्द्रीय कार्य समितिले तोकिए बमोजिमलाई सम्झनु पर्दछ।

(ल) "पदाधिकारी" भन्नाले केन्द्रीय संघ, प्रदेश संघ, जिल्ला संघ र पालिका समितिका अध्यक्ष, उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष, सचिवलाई जनाउनेछ। यसले संघ अन्तर्गत बनेका उपसमितिका पदाधिकारिलाई समेत जनाउनेछ।

(व) "कर्मचारी" भन्नाले नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघ अन्तर्गत कार्यरत कर्मचारीलाई सम्झनु पर्दछ।

(स) "नियमावली" भन्नाले संघ सञ्चालनका लागि यस विधान बमोजिम बनेका नियम तथा विनियमलाई सम्झनु पर्दछ।

## परिच्छेद-२
## (संघको स्थापना र उद्देश्य)

### ३. संघको स्थापना तथा केन्द्रीय कार्य समितिको गठनः

(१) नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलको सिद्धान्त एंव मुल्य मान्यता अनुरुप "विश्व नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग महासंघ" को विधान र बडापत्रको अधिनमा रहि मुलुकको प्रचलित कानुन बमोजिम देशभित्र नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलको विकास र विस्तार गर्न राष्ट्रिय खेलकुद विकास ऐन २०७७ को दफा २२,२३ बमोजिम राष्ट्रिय खेल संघको रूपमा नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघ नामक संस्था स्थापना गरिएको छ।

(२) नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको केन्द्रीय कार्य समितिमा देहाय बमोजिम बढीमा १५ (पन्ध्र) सदस्यीय पदाधिकारीहरु तथा सदस्यहरु रहने छन्:

(क) अध्यक्ष ०१ (एक)
(ख) उपाध्यक्ष ०२ (दुई)
(ग) महासचिव ०१ (एक)
(घ) कोषाध्यक्ष ०१ (एक)
(ङ) सचिव ०१ (एक)
(च) सदस्य ०९ (नौ)

(३) उपदफा (२) बमोजिम गठन हुने नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको केन्द्रीय कार्य समितिका अध्यक्ष १ (एक), उपाध्यक्ष २ (दुई), महासचिव १ (एक), कोषाध्यक्ष १ (एक), सचिव (एक) र सदस्यहरु ७ (सात) जना साधारण सभाबाट

CS Scanned with CamScanner

निर्वाचित हुनेछ ।

(४) उपदफा (२) बमोजिम निवाचित कार्य समितिको अध्यक्षले सदस्य २ (दुई) जना मनोनयन गर्नेछ ।

(५) उपदफा (४) बमोजिम मनोनित हुने सदस्यहरुमा सामाजका लब्ध प्रतिष्ठित व्यक्तित्व, बुद्धिजीवी, समाजसेवी तथा नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको विधानमा आस्था राखी नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलको विकासमा योगदान दिने व्यक्तिहरु मध्येबाट मनोनयन गर्नुपर्नेछ, जसमा शिक्षा क्षेत्र र सुरक्षा क्षेत्रलाई प्राथमिकता दिनुपर्नेछ।

(६) उपदफा (३) बमोजिम कुनै पनि पदमा महिला प्रतिनिधि निवाचित भई आउन नसकेको अवस्थामा उपदफा (४) बमोजिम मनोनित गर्दा कम्तिमा एकजना महिलालाई प्राथमिकता दिनुपर्ने छ ।

(७) प्रदेश संघहरू संगको समन्वयका लागि केन्द्रीय कार्य समितिका पदाधिकारी वा सदस्यलाई समन्वयकर्ताको जिम्मेवारी दिइन सक्नेछ ।

(८) संघको नियमावलीले तोके बमोजिम विभिन्न विषयगत उपसमितिको जिम्मेवारी अध्यक्षले केन्दीय कार्य समितिका पदाधिकारी वा सदस्यलाई तोक्न सक्नेछ ।

(९) नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघका निवाचित तथा मनोनित सदस्यहरुको पदावधि ४ (चार) वर्षको हुनेछ । मनोनित सदस्यहरुको पदावधिको गणना निर्वाचित सदस्यहरु बहाल भएकै मितिदेखी शुरु भएको मानिनेछ । निजहरु विधानले व्यवस्था गरे बमोजिम पुनः निर्वाचित वा मनोनित हुन सक्नेछन ।

(१०) कार्य समितिका दुई तिहाई सदस्यले आफ्नो पदबाट राजिनामा दिएमा कार्य समिति स्वतः भंग भएको मानिनेछ र उपदफा (२) बमोजिम नयाँ कार्य समिति गठनका लागि दफा २१ बमोजिम बढिमा ३ (तीन) महिना भित्र अनिवार्य निर्वाचन गर्नुपर्नेछ ।

(११) कार्य समितिका दुई तिहाई सदस्यहरू बैठकमा तीन पटकसम्म अनुपस्थित भई बैठक नै अवरूद्ध हुनगएमा अध्यक्षले कार्य समिति भंग गरी उपदफा (२) बमोजिम नयाँ कार्य समिति गठनका लागि दफा २१ बमोजिम निर्वाचन घोषणा गर्न सक्नेछ, तर त्यस्तो निर्वाचन बढीमा तीन महिना भित्र सम्पन्न गर्नु बाध्यकारी हुनेछ ।

(१२) उपदफा (९) वा (१०) बमोजिम भंग भएको कार्य समिति अर्को नयाँ कार्य समिति गठन नभए सम्मको लागि तदर्थ समितिको रुपमा रहने छ ।

(१३) उपदफा (९) वा (१०) बमोजिम कार्य समिति भंग भएको अवस्थामा उपदफ (१०) बमोजिम नयाँ कार्य समितिको निर्वाचन हुन नसकेमा साधारण सभाका ५१ (एकाउन्न) प्रतिशत सदस्यले निवेदन दिई विषेश साधारण सभा आव्हान गर्न सक्ने छन् र उक्त विषेश साधारण सभाबाट नयाँ कार्य समितिको निर्वाचन गर्नको लागि निर्वाचन समिति गठन गरिने छ र उक्त निर्वाचन समितिले ३५ दिन भित्र नयाँ कार्य समितिको निर्वाचन गरि सक्नु पर्ने छ ।

## ४. प्रदेश संघको स्थापना तथा कार्य समितिको गठन:

(१) राष्ट्रिय खेलकुद विकास ऐन २०७७ बमोजिम यो नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेल विशेष प्रकृतिको मौलिक खेल भएकोले चार प्रदेशमा प्रदेश स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघ र प्रत्येक प्रदेशका ५ जिल्लामा जिल्ला नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघ गठन गरिने छ ।

(२) प्रदेश नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघमा देहाय बमोजिम बढीमा ११ (एघार) सदस्यीय प्रदेश नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग कार्य समिति रहने छन्:

| | | |
|---|---|---|
| (क) | अध्यक्ष | ०१ (एक) |
| (ख) | उपाध्यक्ष | ०१ (एक) |
| (ग) | सचिव | ०१ (एक) |
| (घ) | कोषाध्यक्ष | ०१ (एक) |
| (ङ) | सदस्य | ०७ (सात) |

(३) उपदफा (२) बमोजिम गठन हुने प्रदेश कार्य समितिको अध्यक्ष १ (एक), उपाध्यक्ष १ (एक), सचिव १ (एक), कोषाध्यक्ष १ (एक), र सदस्यहरु ५ (पाँच) जना प्रदेश संघको साधारण सभाबाट निर्वाचित हुनेछ ।

(४) उपदफा (२) बमोजिम गठन हुने कार्य समितिका लागि प्रदेश संघको निर्वाचित कार्य समितिका अध्यक्षले सदस्य पदमा १ (एक) जना तथा नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघ केन्द्रिय कार्य समितिले केन्द्रिय प्रतिनिधिको रुपमा सदस्य १ (एक) जना गरि जम्मा २ (दुई) जना सदस्य मनोनित गरिनेछ ।

(५) उपदफा (४) बमोजिम मनोनित हुने पदाधिकारी एंव सदस्यहरुमा सामाजका लब्ध प्रतिष्ठित व्यक्तित्व, बुद्धिजीवी, समाजसेवी तथा ब्रेकिन एण्ड डान्स स्पोर्ट्स संघको विधानमा आस्था राखि ब्रेकिन एण्ड डान्स स्पोर्ट्स खेलको बिकासमा योगदान दिने व्यक्तिहरु मध्येबाट मनोनयन गर्नुपर्नेछ ।

CS Scanned with CamScanner

(६) उपदफा (३) बमोजिम कुनै पनि पदमा महिला प्रतिनिधि निवाचित भई आउन नसकेको अवस्थामा उपदफा ... बमोजिम मनोनित गर्दा कम्तिमा एकजना महिलालाई प्राथमिकता दिनुपर्ने छ।

(७) निर्वाचित तथा मनोनित सदस्यहरुको पदावधि ४ (चार) वर्षको हुनेछ। मनोनित पदाधिकारी तथा सदस्यहरुको पदावधिको गणना निर्वाचित सदस्यहरु बहाल भएकै मितिदेखी शुरु भएको मानिनेछ। निजहरु विधानले व्यवस्था ... बमोजिम पुनः निवाचित वा मनोनित हुन सक्नेछन्।

(८) नयाँ कार्य समितिको निर्वाचन हुदा पुन निर्वाचित हुन नसकेका अघिल्लो कार्य समितिका बाँकी पदाधिकारी तथा सदस्यहरूको कार्य समितिको सदस्यको हैसियतले प्राप्त साधारण सभा सदस्य सोही मितिदेखी स्वतः समाप्त भएको मानिनेछ।

(९) कार्य समितिका दुई तिहाई सदस्यहरुले आफ्नो पदबाट राजिनामा दिएको खण्डमा कार्य समिति स्वतः भंग भई उपदफा (२) बमोजिम नयाँ कार्य समितिका लागि केन्द्रीय कार्य समितिले दफा २१ बमोजिम निर्वाचनको घोषणा गर्नेछ।

(१०) कार्य समितिका दुई तिहाई सदस्यहरू बैठकमा तीन पटकसम्म अनुपस्थित भई बैठक नै अवरूद्ध हुन गएमा अध्यक्षले कार्य समिति भंग गरी उपदफा (२) बमोजिम नयाँ कार्य समिति गठनका लागि केन्द्रीय कार्य समितिमा सिफारिस गर्न सक्नेछ र नयाँ कार्य समितिको निर्वाचन बढीमा तीन महिना भित्र सम्पन्न गरी सक्नु पर्ने छ।

(११) उपदफा (९) वा (१०) बमोजिम भंग भएको कार्य समिति अर्को नयाँ कार्य समिति गठन नभए सम्मको लागि तदर्थ समितिको रुपमा रहने छ।

(१२) उपदफा (९) र उपदफा (१०) बमोजिम कार्य समिति भंग भएको अवस्थामा उपदफा (१०) बमोजिम नयाँ कार्य समितिको निर्वाचन हुन नसकेमा साधारण सभाका ५१ (एकाउन्न) प्रतिशत सदस्यहरुले निवेदन दिई साधारण सभा आव्हान गर्न सक्नेछ र उक्त साधारण सभाबाट नयाँ कार्य समितिको निर्वाचन गर्नको लागि निर्वाचन समिति गठन गरिने छ र उक्त निर्वाचन समितिले ३५ दिन भित्र नयाँ कार्य समितिको निर्वाचन गरि सक्नु पर्ने छ।

## ५. जिल्ला संघको स्थापना तथा कार्य समितिको गठन :

(१) नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको विधान तथा नियमावलि अन्तर्गत रहने गरी प्रत्येक जिल्लामा जिल्ला नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको गठन गर्न सकिनेछ तर, जिल्ला कार्य समिति गठन गर्नकालागि जिल्लाभित्र अनिवार्य नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलको प्रशिक्षण सञ्चालन भएको हुनु अनिवार्य हुनेछ।

(२) जिल्ला संघमा देहाय बमोजिम बढीमा ९ (नौ) सदस्यीय कार्य समिति रहने छ :

| | | |
|---|---|---|
| (क) | अध्यक्ष | १ (एक) |
| (ख) | उपाध्यक्ष | १ (एक) |
| (ग) | सचिव | १ (एक) |
| (घ) | कोषाध्यक्ष | १ (एक) |
| (ङ) | सदस्य | ५ (पाँच) |

(३) उपदफा (२) बमोजिम गठन हुने जिल्ला संघको अध्यक्ष १ (एक), उपाध्यक्ष १ (एक), सचिव १ एक), कोषाध्यक्ष १ (एक) र ३ (तीन) जना सदस्यहरु जिल्ला साधारण सभाका सदस्यहरूले आफ्नो मतद्वारा निवार्च न गर्नेछ।

(४) उपदफा (२) बमोजिम निर्वाचित अध्यक्षले सदस्य १ (एक) जना नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलको विकासमा सहयोग पुऱ्याएका वा पुऱ्याउन सक्ने व्यक्तिहरु मध्येबाट मनोनयन गर्नेछ।

(५) उपदफा (२) बमोजिम गठन हुने कार्य समितिका लागि सदस्य १ (एक) जना प्रदेश संघको प्रतिनिधिको रूपमा प्रदेश संघले मनोनयन गरि पठाउनेछ।

(७) मनोनित सदस्यहरू सम्बन्धित जिल्लामा बसोबास स्थानिय हुनु अनिवार्य हुनेछ अथवा सोही ठाउँमा लामो समयदेखि बसोबास गर्दै आएका व्यक्ति हुनुपर्ने छ।

(८) जिल्ला नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको कार्य समितिका निर्वाचित वा मनोनित सदस्यहरुको पदावधि ४ (चार) वर्षको हुनेछ। मनोनित सदस्यहरुको पदवधिको गणना निर्वाचित सदस्यहरुको पदबहाल भएकै मितिदेखी गणना हुनेछ। निजहरु पुनः निर्वाचित वा मनोनित हुन सक्ने छन्।

(९) कार्य समितिका दुई तिहाई सदस्यहरुले आफ्नो पदबाट राजिनामा दिएको खण्डमा कार्य समिति स्वतः भंग भई उपदफा (२) बमोजिम नयाँ कार्य समितिका लागि केन्द्रीय कार्य समितिले दफा २१ बमोजिम निर्वाचनको घोषणा गर्नेछ।

(१०) कार्य समितिका दुई तिहाई सदस्यहरू बैठकमा तीन पटकसम्म अनुपस्थित भई बैठक नै अवरूद्ध हुन गएमा अध्यक्षले कार्य समिति भंग गरी उपदफा (२) बमोजिम नयाँ कार्य समितिको निर्वाचनका लागि केन्द्रीय कार्य समितिमा सिफारिस गर्न सक्नेछ, र नयाँ कार्य समितिको निर्वाचन बढीमा तीन महिना भित्र सम्पन्न गरिसक्नु पर्ने छ।

(११) उपदफा (९) वा (१०) बमोजिम भंग भएको कार्य समिति अर्को नयाँ कार्य समिति गठन नभए सम्मको लागि तदर्थ समितिको रुपमा रहने छ।

(१२) उपदफा (९) र उपदफा (१०) बमोजिम कार्य समिति भंग भएको अवस्थामा उपदफा (१०) बमोजिम नयाँ कार्य समितिको निर्वाचन हुन नसकेमा साधारण सभाका ५१ ( एकाउन्न) प्रतिशत सदस्यहरुले निवेदन दिई साधारण सभा आह्वान गर्न सक्नेछ र उक्त साधारण सभाबाट नयाँ कार्य समितिको निर्वाचन गर्नको लागि निर्वाचन समिति गठन गरिनेछ । उक्त निर्वाचन समितिले ३५ दिन भित्र नयाँ कार्य समितिको निर्वाचन गरि सक्नु पर्ने छ ।

## ६. नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको उद्देश्य :

(१) राष्ट्रिय खेलकूद विकास ऐन २०७७, राष्ट्रिय खेलकुद विकास नियमावली २०७९ तथा सम्वन्धित निमायका निति निर्देशनमा रहि कुनै प्रकारको राजनैतिक, धार्मिक, जातिय, लैङ्गिक र शारिरिक अवस्थाका आधारमा खेलाडिप्रति कुनै विभेद नगरि खेल र खेलाडिको हक हित र कल्याणका लागी आपसमा सद्भाव वृद्धि गरि खेलको माध्यमबाट राष्ट्को प्रतिष्ठा अभिवृद्धि गर्ने मुख्य उद्देश्यका साथ यस संस्थाको देहाय बमोजिमको उद्देश्य हुनेछ ।

(क) नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलप्रति सर्वसाधारणको रुचि अभिवृद्धि गर्ने ।
(ख) नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलको अधिराज्यभर विस्तार र यसको समुचित विकासमा जोड दिने ।
(ग) नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलको स्तर वृद्धि गर्न प्रशिक्षणहरु संचालन गर्ने गराउने ।
(घ) नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलको विभिन्न स्तर र तहका प्रतियोगिता संचालन गर्ने गराउने ।
(ङ) नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलाडि तथा प्रशिक्षकहरुको हक, हित र कल्याणका लागि आवश्यक कार्य गर्ने गराउने ।
(च) नेपालमा नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलको विकास र विस्तारका सम्बन्धमा आवश्यकता अनुसार परिषद्, ओलम्पिक कमिटि तथा नेपाल सरकारलाई राय एंव सुझावहरु दिने र त्यस सम्बन्धमा आवश्यक समन्वय गर्ने ।
(छ) नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलको लागि आवश्यक प्राविधिक जनशक्तिको विकास, विस्तार र संचालन गराउने ।
(ज) नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहभागिता गर्ने गराउने ।
(झ) खेलकुद सम्बन्धि संस्थाहरुसँग समन्वय गर्ने गराउने ।
(ञ) नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलको माध्यमद्वारा राष्ट्को इज्जत, प्रतिष्ठा एंव सम्मानको अन्तर्राष्ट्रिय स्तरमा वृद्धि गर्ने गराउने ।
(ट) नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलप्रति विद्यार्थी, युवा, युवती तथा बालबालिकाहरुको सहभागितामा वृद्धि गर्दै लाने ।
(ठ) खेलकूद सम्बन्धि जानकारीको लागि संघको बुलेटिन, पुस्तक, पत्रिका प्रकाशन गर्ने गराउने ।
(ड) संघलाई आत्मनिर्भर गराउन आर्थिक सहयोग तथा अन्य सहयोगको बन्दोबस्त गर्ने गराउने ।
(ढ) संघको उद्देश्य परिपूर्तिका लागि आवश्यक अन्य कार्यहरु गर्ने गराउने ।

## ७. संघ स्वशासित र संगठित संस्था हुने :

(१) संघ अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुने छ ।

(२) नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघलाई अंग्रेजीमा "NEPAL SKATING AND SKATEBOARDING ASSOCIATION" भनिन्छ ।

(३) नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको सबै काम कारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ । छापमा संघका प्रतिक चिन्ह (लोगो) अंकित हुनेछ ।

(४) संघले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, खरिद बिक्री गर्न, शेयर तथा धितो सम्बन्धी कारोबार गर्न, भाडामा लिन वा दिन र अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(५) संघले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र संघ उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(६) संघको आफ्नो छुट्टै लोगो हुनेछ । संघको लोगो अनुसूचि २ मा उल्लेख भए बमोजिम हुने छ ।

(७) संघको लोगो (प्रतिक चिन्ह) अनुसूचि १ मा उल्लेख भए बमोजिम हुनेछ ।

(८) संघ अन्तर्गत देहाय बमोजिमका तहगत स्तरमा संघ तथा समिति गठन हुनेछ :
(क) प्रदेश स्तरमा "प्रदेश नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघ"
(ख) जिल्ला स्तरमा "जिल्ला नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघ"

(९) एक प्रदेश र एक जिल्लामा एउटै मात्र संघ रहनेछ ।

(१०) उपदफा (८) बमोजिम गठन हुने तहगत संघ/समितिलाई क्रमशः अंग्रेजीमा देहायानुसार नामाकरण गरिनेछ :
(क) **Province Skating and Skateboarding Association,**
(ख) **District Skating and Skateboarding Association**

Scanned with CamScanner

८. कार्यालयको स्थापना :

(क) संघको केन्द्रीय कार्यालय काठमाण्डौ उपत्यका भित्र रहने छ।

(ख) संघले आवश्यकता अनुसार नेपाल राज्य भित्र सम्पर्क कार्यालय स्थापना गर्न सक्ने छ।

(ग) प्रदेश संघको कार्यालय सम्बन्धित प्रदेश भित्र आवश्यकता अनुसार पायक पर्ने ठाउँमा राख्न सकिनेछ।

(घ) जिल्ला संघको कार्यालय सम्बन्धित जिल्ला भित्र रहने छ।

९. बैठक तथा निर्णय :

(क) संघ/समितिको बैठक बस्नका लागि अध्यक्षको परामर्श लिई महासचिव/सचिवले बैठक बस्ने मिति, समय र स्थान तोकि बैठक बोलाउनेछ। कार्य समितिको बैठक कम्तिमा ३ (तीन) महिनामा एक पटक बस्नु पर्नेछ।

(ख) कार्य समिति तथा साधारण सभाको कुल सदस्य संख्याको ५१ (एकाउन्न) प्रतिशत सदस्यहरु उपस्थित भएमा कार्य समिति तथा साधारण सभाको बैठकको गणपूरक संख्या पुगेको मानिनेछ।

(ग) बैठकको अध्यक्षता कार्य समितिका अध्यक्षले गर्ने छ। अध्यक्षको अनुपस्थितिमा उपस्थित उपाध्यक्षहरु मध्ये वरिष्ठताको आधारमा उपाध्यक्षले अध्यक्षता गर्नेछ। अध्यक्ष र उपाध्यक्षहरु उपस्थित नभएको अवस्थामा संघका महासचिव/सचिवले बैठकको अध्यक्षता गर्नेछ।

(घ) बैठकमा बहुमतको राय मान्य हुनेछ। मत बराबर भएको अवस्थामा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(ङ) निर्णय पुस्तिका अध्यक्षले प्रमाणित गर्नेछ।

(च) कुनै पदाधिकारी वा सदस्यले आफु बैठकमा उपस्थित हुन नसक्ने अवस्था भएमा सोको जानकारी अनिवार्य रुपमा अध्यक्ष वा महासचिवलाई लिखित वा सोझो सम्पर्कबाट बैठक हुनु अगावै गराउनु पर्नेछ।

(छ) बैठकमा उपस्थित कुनै पनि सदस्यलाई बैठकमा भएका कुनै पनि निर्णय प्रति चित्त नबुझेको खण्डमा त्यस्ता निर्णय प्रति लिखित रुपमा आफ्नो असहमति (नोट अफ डिसेन्ट) प्रकट गर्ने स्वतन्त्रता हुनेछ तर त्यस्ता सदस्यले असहमतिका पर्याप्त आधार र कारण उल्लेख गर्नुपर्नेछ।

(ज) बैठक सम्बन्धी अन्य कार्यविधि कार्य समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(झ) कार्य समितिका अध्यक्षले ६ (छ) महिनासम्म बैठक नबोलाएको खण्डमा कार्य समितिका ५१ एकाउन्न) प्रतिशत सदस्यहरुले दफा ९ (क) बमोजिम बैठक आव्हानका लागि उपाध्यक्ष वा उपाध्यक्ष नभएको अवस्थामा महासचिव/सचिवलाई लिखितरूपमा अनुरोध गरी बैठक सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद-३

## (कार्य समितिको काम, कर्तव्य र अधिकार)

१०. नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको काम, कर्तव्य र अधिकार :

**(१) केन्द्रिय कार्य समितिको काम, कर्तव्य र अधिकार:** प्रचलित कानुन तथा निर्देशनका अतिरिक्त नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको केन्द्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) संघको केन्द्रीय कार्य समितिले गर्ने भनी विधान र नियमावलिमा तोकिएको कार्यहरु गर्ने गराउने।

(ख) खेलको विकास र विस्तारमा क्रियाशिल रहने।

(ग) संघको उद्देश्य प्राप्तिका लागि संघका कार्यहरु संचालन गर्ने गराउने। जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरका प्रतियोगिताहरु आयोजना तथा संचालन गर्ने। अन्तर्राष्ट्रिय प्रतियोगिताहरुको आयोजना तथा संचालन गर्ने गराउने।

(घ) संघको वार्षिक बजेट तथा कार्यक्रम बनाई साधारण सभामा स्वीकृतिको लागि पेश गर्ने।

(ङ) संघको आर्थिक श्रोतहरु जुटाउने तथा आर्थिक श्रोतहरु एकिन गरी त्यस्ता कार्यक्रमहरु संचालन गर्ने गराउने।

(च) संघको कर्मचारी, आर्थिक तथा अन्य आवश्यक नियमहरु बनाई साधारण सभाको स्वीकृतिका लागि पेश गर्ने।

(छ) खेलकुदको विकास र विस्तारकोलागि अन्य खेलकुदका संघ संस्थाहरुसग समन्वय र सम्पर्क राख्ने।

(ज) संघका मातहतका प्रदेश संघ तथा जिल्ला संघहरु बिचको समन्वय गर्ने र आवश्यकता अनुसार निर्देशन दिने।

(झ) संघ मातहतका संघहरुलाई कार्यक्रम संचालन गर्न तथा नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलको विकासमा सहयोग जुटाउने।

(ञ) सदस्यता प्रदान गर्ने सम्बन्धी प्रस्ताव उपर छलफल गर्ने र सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय उपर विवाद आएमा त्यसको निर्णय गर्ने र निर्णय बमोजिम गर्न गराउन प्रदेश तथा जिल्लालाई निर्देशन दिने।

(ट) केन्द्रीय संघको आर्थिक नियमावलिले तोके बमोजिम आर्थिक कारोबार गर्ने । संघले कुनै शुल्क वा सेवा शुल्क लिन परेमा केन्द्रीय संघको पुर्व स्वीकृति अनिवार्य हुनेछ ।

(ठ) प्रदेश अन्तरगतका जिल्ला तथा स्थानिय समिति एंव निकायहरुलाई अनुगमन गर्ने, निर्देशन दिने र आवश्यक ठानेमा केन्द्रीय संघमा कारवाहीकालागि सिफारिस गर्ने ।

(ड) नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग (तालिम केन्द्र) हरुलाई जिल्ला समितिको सिफारिसमा आवद्धता प्रदान गर्ने ।

(ढ) नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलको नियम उल्लंघन गर्ने खेलाडी, निर्णायक, प्रशिक्षक तथा सम्वन्धित पदाधिकारी उपर अनुशासनात्मक कारवाहीकालागि केन्द्रीय संघमा सिफारिस गर्ने ।

(ण) संघको अध्यक्षको अध्यक्षतामा दैनिक कार्य सम्पादन समितिको गठन गर्ने र कार्य समितिले गर्ने आवश्यक कार्यहरु कार्य सम्पादन समितिवाट गर्ने र गराउने ।

(त) नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलका विभिन्न राष्टिय स्तरका प्रशिक्षण तथा कार्यक्रमह रुमा प्रदेशको तर्फवाट सहभागिता गर्ने गराउने ।

(थ) तोकिएको मापदण्ड बमोजिम मान्यता प्राप्त प्रशिक्षकहरुलाई प्रशिक्षण अनुमति पत्र प्रदान गर्ने ।

(द) प्रदेश स्तरमा गरिने प्रशिक्षण, गोष्ठि, कोर्स तथा सेमिनारहरुको मापदण्ड निर्धारण गर्ने र शुल्क तोक्ने ।

(ध) सामाजिक कार्यहरुमा सहभागी हुने र आवश्यकता अनुसार सहभागि हुने र भाईचारा तथा भातृत्व विकास गर्ने ।

(न) प्रदेश खेलाडी टोली निर्माण गर्ने र विशेष प्रशिक्षणको व्यवस्था गर्ने ।

(प) प्रशिक्षणका लागि भौतिक पूर्वाधारहरूको निर्माण गर्ने र आवश्यकता अनुसार प्रशिक्षक तथा प्रशासनिक कर्मचारीहरूको नियुक्ति गर्ने ।

(३) **जिल्ला कार्य समितिको काम, कर्तव्य र अधिकार** :जिल्ला कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) जिल्ला भित्र नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलको विकास र विस्तारका लागि कार्य गर्ने ।

(ख) जिल्ला खेलकुद विकास समिति तथा अन्य खेलकुद निकायहरुसंग समन्वय राखि नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलको विकास र विस्तारका लागि क्रियाशिल रहने ।

(ग) संघको उद्देश्य प्राप्तिका लागि प्रदेश संघसंग समन्वय गरी कार्यक्रमहरु संचालन गर्ने गराउने ।

(घ) जिल्ला स्तरिय प्रतियोगिताहरु संचालन गर्ने गराउने ।

(ङ) जिल्ला संघको वार्षिक बजेट तथा कार्यक्रम बनाई जिल्ला साधारण सभाबाट स्वीकृत गराई प्रदेश संघमा पठाउने ।

(च) संघको स्वीकृति लिई विभिन्न स्तरका नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलका प्रतियोगिताहरु संचालन गर्ने गराउने ।

(छ) जिल्ला संघको आर्थिक श्रोतहरु जुटाउने तथा आर्थिक श्रोतहरु एकिन गरी त्यस्ता कार्यक्रमहरु संचालन गर्ने गराउने ।

(ज) जिल्ला संघको आवश्यक नियमहरु बनाई प्रदेश संघको सिफारिसमा केन्द्रको स्वीकृति लिई लागु गर्ने ।

(झ) जिल्ला भरिका खेलाडी, प्राबिधिक तथा क्लबहरुको दर्ता गरी लगत राख्ने र प्रदेश संघमा पठाउने ।

(ञ) जिल्ला भरिका क्लबहरुलाई नियमाअनुसार नियमित गर्ने र नबिकरण गराउने ।

(ट) केन्द्रको स्वीकृति लिई विभिन्न स्तरका तालिम, सेमिनार तथा गोष्ठिहरुको आयोजना गर्ने ।

(ठ) संघको नीति तथा निर्देशनको पालना गर्ने गराउने ।

(ड) प्रदेश संघले दिएको निर्देशनको पालना गर्ने गराउने ।

(ढ) जिल्ला भित्र रहेका खेलाडी तथा नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेल सग सम्बन्धीत संस्थाहरुको अध्यावधिक गर्ने र प्रदेश मा पठाउने ।

(ण) भौतिक पुवाधार विकासका लागि आवश्यक योजना बनाई कार्यान्वयन गर्ने ।

(त) जिल्ला भरिका खेलाडी, प्राविधिक तथा क्लबहरुको मुल्याकंन तथा अनुगमन गर्ने ।

(थ) जिल्ला स्तरिय खेलाडी टिम तयार गरी प्रशिक्षणको व्यवस्था गर्ने र जिल्लाको प्रतिनिधित्व गर्दै सहभागी गराउने ।

(द) खेलाडीहरूको हकहितका लागि काम गर्ने गराउने ।

(ध) प्रत्येक बर्ष जिल्ला संघको नाममा जिल्ला स्तरिय आधिकारिक प्रतियोगिताको आयोजना गर्ने ।

(न) जिल्ला कार्य समितिको वार्षिक लेखा परिक्षण गराई संघ, प्रदेश तथा सम्वन्धित निकायमा प्रतिवेदन पेश गर्ने ।

(प) जिल्ला नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको कार्य समितिको काम, कर्तव्य र अधिकार यस विधानमा तोकिए बाहेक संघको नियमावलीमा तोकिए बमोजिम हुनेछ । तर नियमावली नबनुन्जेलसम्म संघको केन्द्रीय कार्य समितिले तोकि दिए बमोजिम हुनेछ ।

## परिच्छेद-४
## (पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार)

११. **अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) विधान बमोजिम साधारण सभा र कार्य समितिको बैठकको अध्यक्षता गर्ने ।
(ख) विधान बमोजिम साधारण सभा तथा कार्य समितिको निर्णय कार्यान्वयन भए नभएको सम्बन्धमा मूल्यांकन तथा निरीक्षण गर्ने र आवश्यक निर्देशन दिने ।
(ग) अध्यक्षको हैसियतल गर्नु पर्ने दैनिक कार्यहरु गर्ने ।
(घ) नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलको विकासको लागि परिषद् र नेपाल ओलम्पिक कमिटीका निकटतम सम्पर्कमा रही कार्य गर्ने ।
(ङ) बैठकमा मत बराबर भएमा निर्णायक मत प्रदान गर्ने ।
(च) संस्थालाई नेतृत्व प्रदान गर्ने र संस्थाको प्रतिनिधित्व गर्ने ।

(२) <u>उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :</u>
(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै कार्यहरु गर्ने गराउने ।
(ख) उपदफा (१) बमोजिमको अधिकार अध्यक्षको अनुपस्थितिमा बरिष्ठताको आधारमा उपाध्यक्षले गर्ने छ ।
(ग) अध्यक्षले प्रत्यायोजित गरेको अन्य कार्यहरु गर्ने गराउने ।

(३) <u>महासचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :</u>
(क) अध्यक्षसंग परामर्श गरी कार्य समितिको बैठक बोलाउने र कार्य समितिको निर्णय बमोजिम साधारण सभा बोलाउने ।
(ख) कार्य समितिको बैठकमा छलफलका लागि एजेण्डाहरु प्रस्तुत गर्ने ।
(ग) कार्य समितिको निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।
(घ) निर्णय पुस्तिका राख्ने र संघको कागजातको अभिलेख गर्ने तथा सुरक्षित राख्ने ।
(ङ) संस्थाको दैनिक प्रशासनिक कार्य तथा प्रवन्धको व्यवस्था गर्ने गराउने ।
(च) साधारण सभा एवं कार्य समितिले प्रदान गर्ने काम र कर्तव्यको सम्पादन गर्ने ।
(छ) संस्थाको तर्फबाट पत्राचार गर्ने ।
(ज) संस्थाको निर्णय, आदेश वा लिखित उतारको प्रमाणित गर्ने ।
(झ) अध्यक्षसंग परामर्श गरी प्रतिनिधित्व गर्नु पर्ने ठाउँमा प्रतिनिधित्वको व्यवस्था गर्ने ।
(ञ) कार्य समितिको प्रतिवेदन पेश गर्ने ।
(ट) पदाधिकारी तथा सदस्यहरुको लगत राख्ने ।
(ठ) संस्थाको आवधिक प्रतिवेदन वा प्रगति विवरण सम्बन्धित निकायमा पठाउने ।
(ड) आर्चरी खेल सम्वन्धी संघ संस्थाहरुसंग सम्पर्क कायम गर्ने, परिपत्र गराउने ।
(ढ) बार्षिक तथा खेल कार्यक्रमको तालिका निर्धारण गरी स्वीकृतिको लागि कार्य समितिमा पेश गर्ने ।
(ण) अध्यक्षले तोकेको अन्य कार्य गर्ने गराउने ।
(त) अध्यक्षको सहमतिमा कार्य सम्पादनको गर्न आवश्यक पेश्की लिई खर्च गर्न सक्नेछ ।
(थ) प्रशासनिक आदेश दिने, खर्चको स्वीकृत गर्ने गराउन ।

(४) <u>कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :</u>
(क) आर्थिक कारोबार सम्वन्धी कार्यको जिम्मेबारी लिने ।
(ख) हिसाब किताब दुरुस्त राख्ने ।
(ग) बजेट र त्यसको विवरण कार्य समिति र साधारण सभामा पेश गर्ने ।
(घ) कारोबारका लागि विभिन्न बैंकमा संस्थाको नाममा खाता खोल्ने ।
(ङ) अध्यक्ष तथा महासचिवसंग परामर्श गरी विभिन्न ठाँऊमा प्रतिनिधित्व गर्ने ।
(च) कार्य समितिको निर्णयानुसार कोषको खाता संचालन गर्ने गराउने ।
(छ) संस्थाको कोष तथा लेखा विधिवत तरिकाले राख्ने र सम्पत्तिको दायित्व, आय र व्यय जनाउने गरी व हिसाब राख्ने र त्यसको लेखापरिक्षण गराउने ।
(ज) कोष तथा लेखा सम्वन्धी सम्पुर्ण दायित्व बहन गर्ने ।
(झ) जिन्सी सामानको भौतिक संरक्षण गर्ने गराउने ।
(ञ) संस्थाको उठाउन बाँकी बक्यौता रकम असुल उपर गर्ने गराउने ।

(५) <u>सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :</u>
(क) महासचिवको अनुपस्थितिमा सचिवले गर्ने कार्य गर्ने ।
(ख) महासचिवले अख्तियार प्रदान गरेका कार्यहरु गर्ने गराउने ।

(ग) जिल्लाको सचिवको काम, कर्तव्य र अधिकारको हकमा भने उपदफा (३)बमोजिम हुनेछ ।

(६) कार्य समितिका सदस्यहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) बैठकमा नियमितरूपमा उपस्थित भई छलफलमा भाग लिने ।

(ख) बैठकलाई आफ्नो रायसल्लाह र सुभाव दिने ।

(ग) बैठकमा उठेका प्रश्नहरूको जवाफ दिने ।

(घ) आफुलाई लागेका विषय बस्तुमाथि बैठकमा आफ्नो धारणा प्रस्तुत गर्ने ।

(ङ) बैठकमा कुनै विषयमाथि छलफल हुँदा मत दिन परेमा आफ्नो मत दिने ।

(च) अध्यक्षले तोकेको अवस्थामा संघको प्रतिनिधित्व गर्ने ।

(छ) कार्य समितिले गरेका निर्णयहरूको जिम्मेवारी लिने र कार्यन्वयनमा सहयोग गर्ने ।

(ज) कार्य समितिले दिएको जिम्मेवारी पुरा गर्ने ।

(झ) अन्य काम समितिले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-५

## (साधारण सभा र त्यसको काम, कर्तव्य र अधिकार)

**१२. साधारण सभा :**

(१) **केन्द्रिय साधारण सभा** : नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको केन्द्रीय साधारण सभा देहाय बमोजिमका सदस्यहरु रहने गरी गठन हुने छ

(क) केन्द्रीय कार्य समितिका वर्तमान पदाधिकारी र सदस्यहरु ।

(ख) प्रत्येक प्रदेश नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघबाट केन्द्रीय साधारण सभाको लागि प्रतिनिधि १ (एक) जना र पर्यवेक्षक १ (एक) जना गरी जम्मा २ (दुई) जना । जसमा प्रदेश संघका अध्यक्ष १ (एक) अथवा अध्यक्षले सिफारिस गरका प्रदेशका पदाधिकारी मध्ये बाट एकजना र प्रदेश कार्य समितिका निर्वाचित पदाधिकारी वा सदस्यहरूमध्येबाट मनोनयन गरेको व्यक्ति एक जना । तर, तदर्थ समितिको हकमा भने निर्वाचित भन्ने शब्दले बाधा पुऱ्याएको मानिने छैन ।

(ग) प्रत्येक जिल्ला नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघबाट केन्द्रीय साधारण सभाकालागि प्रतिनिधि १ (एक) जना । जसमा जिल्ला संघका अध्यक्ष वा कार्य समितिका निर्वाचित पदाधिकारी वा सदस्यहरूमध्येबाट अध्यक्षले मनोनयन गरेको व्यक्ति । तर, तदर्थ समितिको हकमा भने निर्वाचित भन्ने शब्दले बाधा पुऱ्याएको मानिने छैन ।

(घ) केन्द्रीय साधारण सभा सदस्यलाई नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको साधारण सभामा भाग लिने र मतदान गर्ने अधिकार हुनेछ ।

(ङ) उपदफा (ख) बमोजिमका प्रदेश संघका प्रतिनिधिलाई मतदान गर्ने र उम्मेद्वारी दिने अधिकार हुनेछ तर, पर्यवेक्षकलाई भने मतदान गर्ने वा उम्मेद्वारी दिने अधिकार हुनेछैन ।

(च) केन्द्रीय कार्य समितिको निर्वाचन हुँदा साबिक पदाधिकारी तथा सदस्यहरू पुन निर्वाचित हुन नसकेमा कार्य समितिको सदस्यको हैसियतले प्राप्त निजहरूको साधारण सभा सदस्यता सोही मिति देखी लागु हुनेगरी स्वतः समाप्त भएको मानिनेछ ।

(छ) केन्द्रीय तथा प्रदेश संघको कार्य समितिको पदाधिकारी हुनका लागी एक कार्यकाल अनिवार्य रुपमा कार्य समितिको सदस्य भई कार्य हुनुपर्नेछ ।

(ज) कुनै व्यक्तिलाई अनुगमनकर्ताको रूपमा साधारण सभामा भाग लिन पाउने गरी संघले तोक्न सक्ने छ । तर त्यस्ता व्यक्तिलाई तोकेको जिम्मेवारी बाहेक उम्मेद्वारी दिने वा मतदानमा भाग लिने अधिकार हुने छैन ।

(२) **प्रदेश साधारण सभा** : प्रदेश नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको प्रदेश सभा देहाय बमोजिमकासदस्यहरू रहने गरी गठन हुनेछ :

(क) प्रदेश नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघका वर्तमान कार्य समितिका पदाधिकारी र सदस्यहरू । जसले तदर्थ समितिलाई समेत जनाउनेछ ।

(ख) प्रत्येक जिल्ला नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघबाट प्रदेश साधारण सभाका लागि जिल्ला संघका अध्यक्ष वा कार्य समितिका निर्वाचित पदाधिकारी वा सदस्यहरूमध्येबाट अध्यक्षले मनोनयन गरेको व्यक्ति प्रतिनिधि १ (एक) जना । तर, तदर्थ समितिको हकमा भने निर्वाचित भन्ने शब्दले बाधा पुऱ्याएको मानिने छैन ।

(ग) साधारण सभाका मनोनित लगायत साधारण सदस्यता प्राप्त गर्ने सदस्य अनिवार्य सम्बन्धित प्रदेशको बासिन्दा हुनुपर्नेछ वा कम्तीमा ५ वर्ष अधिदेखि सोही प्रदेशमा पेशा व्यवसाय संञ्चालन गरि बसेको हुनुपर्ने छ, आवश्यक भएमा कानून बमोजिमका निस्सा वा प्रमाण पेश गर्नुपर्नेछ ।

(घ) प्रदेश संघको निर्वाचनबाट पुन निर्वाचित हुन नसकेमा निवर्तमान प्रदेश संघ कार्य समितिका पदाधिकारी तथा सदस्यहरुको कार्य समिति सदस्यको हैसीयतले प्राप्त साधारण सभाको सदस्यता सोही मितिदेखी स्वतः समाप्त हुनेछ।

(ङ) प्रदेश साधारण सभा सदस्यलाई प्रदेश नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको साधारण सभामा भाग लिने र मतदान गर्ने अधिकार हुनेछ तर, निर्वाचित प्रदेश कार्य समितिका मनोनित पदाधिकारी वा सदस्यहरूले कुनै पनि पदका लागि उम्मेद्वारी दिन पाईने छैन।

(च) साधारण सभा सदस्यता संघले तोकेको समयभित्र नविकरण नगरिएमा सदस्यता समाप्त हुने छ।

(छ) एक व्यक्तिले केन्द्र, प्रदेश तथा जिल्ला संघको साधारण सभा सदस्यता प्राप्त गर्न सक्नेछ।

(३) **जिल्ला साधारण सभा :** जिल्ला नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको साधारण सभामा देहाय बमोजिम सदस्यहरू रहनेगरी गठन हुनेछ

(क) जिल्ला नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघका वर्तमान कार्य समितिका पदाधिकारी र सदस्यहरू। जसले तदर्थ समितिलाई समेत जनाउने छ।

(ख) नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलको विकासमा सहयोग गर्ने नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेल संग सम्बन्धीत अथवा पूर्व नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग राष्ट्रिय खेलाडीलाइ प्रदेश संघले मनोनित गरेको १ (एक) जना व्यक्ति।

ग) जिल्ला तहमा रहेका नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग क्लबहरु जसले यस संघको जिल्ला कमिटिमा आवद्धता मागेको खण्डमा केन्द्रसँग स्वीकृती लिई जिल्ला संघले आवद्धता दिएको प्रत्येक क्लबहरुबाट एक जना प्रतिनिधि जिल्ला साधारण सभाको सदस्य हुने छन्।

## १३. साधारण सभाको काम, कर्तव्य र अधिकार :

नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको केन्द्रीय साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ।

(१) सामान्यतया वर्षमा एक पटक संघको बार्षिक साधारण सभा बस्ने छ। तर कार्य समितिले विशेष साधारण सभा बोलाउन वा यस विधान बमोजिम अन्य विशेष साधारण सभा बस्नलाई यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन।

(क) साधारण सभाका सदस्यहरुमध्ये ५१(एकाउन्न) प्रतिशत सदस्यहरूले कुनै विषयमा विशेष साधारण सभा बोलाईयोस भनि लिखित अनुरोध गरेमा संघले एक महिनाभित्र साधारण सभा बस्ने गरी विशेष साधारण सभा बोलाउनु पर्नेछ।

(ख) संघले बार्षिक साधारण सभा बस्ने सम्बन्धमा कम्तीमा १५ (पन्द्रह) दिन अगावै र विशेष साधारण सभा बस्ने सम्बन्धमा कम्तीमा ७ (सात) दिनको सूचना दिई विशेष साधारण सभा बोलाउन सकिने छ।

(ग) साधारण सभामा कम्तीमा ५१ (एकाउन्न) प्रतिशत सदस्यको उपस्थिति भएपछि साधारण सभाको गणपूरक संख्या पुगेको मानिने छ। तर पहिलो दिन गणपूरक संख्या नपुग भएमा त्यसको भोलिपल्ट जति प्रतिशत सदस्य उपस्थित भए पनि साधारण सभाको गणपूरक संख्या पुगेको मानिने छ।

(घ) साधारण सभाको सभापत्वि अध्यक्षले र निजको अनुपस्थितिमा वरिष्ठताको आधारमा उपाध्यक्षले, उपाध्यक्षहरु उपस्थित नभएमा अन्य पदाधिकारी तथा सदस्यहरु मध्ये आफूहरूले छानेको सदस्यको अध्यक्षतामा साधारण सभा बस्नेछ।

(ङ) साधारण सभामा निर्णयको लागि प्रस्तुत गरिने निर्णय कार्य समितिले प्रस्तावको रुपमा पेश गर्नु पर्नेछ।

(च) निर्वाचन बाहेक पक्ष विपक्षमा मत दिंदा साधारणतया हात उठाई गर्न सकिने छ। तर आवश्यक परेमा गोप्य मतदान पनि गर्न सकिने छ।

(छ) मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिने छ।

(ज) साधारण सभामा उपस्थित सदस्यहरुको बहुमतको रायलाई साधारण सभाको निर्णय मानिने छ। त्यस्तो निर्णयको प्रमाणिकरण सभाको अध्यक्षता गर्ने व्यक्ति र साधारण सभाको उपस्थित एक जना प्रतिनिधिबाट प्रमाणित गरिने छ।

(झ) निर्णय पुस्तिका (माईन्युट बुक) मा साधारण सभाको निर्णय अभिलेख गरिने छ।

(ञ) साधारण सभामा कार्य समितिले प्रस्तुत गरेका छलफलका बुंदाहरु (एजेण्डा) मा छलफल र निर्णय गर्ने छ।

(ट) यस विधानमा तोकिए बमोजिम केन्द्रीय कार्य समितिको पदाधिकारी तथा सदस्यहरुको निर्वाचन गर्ने।

(ठ) लेखापरीक्षकको प्रतिवेदनमाथि छलफल गरी निर्णय गर्ने।

(ड) बार्षिक कार्यक्रम र बजेट पारित गर्ने।

(ढ) अविश्वासको प्रस्ताव आएका बखत सो उपर छलफल र निर्णय गर्ने। अविश्वासको प्रस्ताव पारित भएमा नयाँ निर्वाचन नहुन्जेलसम्मको लागि तदर्थ समिति गठन गर्ने।

(ण) साधारण सभाका सदस्यहरुले साधारण सभामा छलफलका लागि कुनै विषय प्रस्तुत गर्नुपरेमा कम्तिमा ७ (सात) दिन अगावै कार्य समितिमा पेश गर्नुपर्नेछ र पेश भएका प्रस्ताव कार्य समितिलाई उचित नलागेमा साधारण सभामा पेश नगर्न पनि सक्नेछ। कार्य समितिले साधारण सभामा पेश गरेका प्रस्ताव उपर सभाले निर्णय लिन सक्ने छ। तर त्यस्तो प्रस्तावको माध्यमबाट अविश्वासको प्रस्ताव दर्ता गर्न पाईने छैन।

Scanned with CamScanner

(त) विधान संशोधनका लागि साधारण सभामा प्रस्ताव प्रस्तुत भएमा त्यस्तो प्रस्ताव साधारण सभामा उपस्थित सदस्यहरुको दुई तिहाई सदस्यको मतद्वारा पारित भएमा मात्र सो संशोधन प्रस्ताव स्वीकृत भएको मानिनेछ।

(थ) कार्य समितिलाई आवश्यकता अनुसार निर्देशन दिने तथा समसामयिक बिषयहरुमा विभिन्न प्रस्तावहरु पारित गर्न सकिनेछ।

(द) संघको उद्देश्य कार्यान्वयन गर्ने सम्बन्धमा उपयुक्त र आवश्यक कार्य गर्न गराउन सक्ने छ।

(ध) साधारण सभा सम्बन्धी सचिवालयको कामकारवाही कार्य समितिको सचिवालय वा कार्यालयबाट गरिने छ।

(न) नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको केन्द्रीय कार्य समितिले आफु अन्तरगत बनेका प्रदेश तथा जिल्ला संघको साधारण सभा, कार्य समितिका पदाधिकारी तथा कार्य समितिको काम, कर्तव्य र अधिकारका सम्बन्धमा छुट्टै निर्देशिका बनाउन सक्ने छ। तर संघको उद्देश्य बिपरित कुनै काम भए गरेको लागेमा निर्देशिकाले तोकेको कार्य समितिको काम, कर्तव्य र अधिकार निलम्बित गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

## परिच्छेद-६
## (सदस्यता)

### १४. संघको सदस्यता :

(१) संघको बिधानप्रति आस्था र सम्मान गर्ने ब्यक्तिलाई संघको विधान तथा सदस्यता सम्बन्धी नियमावली रहेको अवस्थामा सदस्यता नियमावली समेतको अधिनमा रही नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलमा प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुऱ्याएका वा नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलमा रुचि राख्ने ब्यक्तिलाई नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको सदस्यता प्रदान गर्न सकिने छ। सदस्य तीन प्रकारको हुनेछन्।

(क) आजीवन सदस्य
(ख) मानार्थ सदस्य
(ग) साधारण सदस्य

(२) आजीवन सदस्यता देहायको आधारमा प्रदान गर्न सकिनेछ

(क) संघले तोकेको आजिवन सदस्य शुल्क बुझाउने व्यक्ति वा संस्था।
(ख) नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलको विकास र विस्तार मा महत्वपुर्ण योगदान पुयाएका व्यक्ति।
(ग) कार्य समितिले आजिवन शुल्क थप वा घट गर्न सक्नेछ।
(घ) आजीवन सदस्यलाई मतदान गर्ने वा उम्मेद्वारी दिने अधिकार हुनेछैन।

(३) संघको मानार्थ सदस्यता देहायको आधारमा केन्द्रीय कार्य समितिले प्रदान गर्न सक्ने छ :

(क) नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलमा धेरै लामो समयदेखि सेवा पुऱ्याउदै आएका व्यक्ति वा संस्था।
(ख) नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलका लागि कुनै विशिष्ट योगदान पुऱ्याएका व्यक्ति।
(ग) मानार्थ सदस्य स्वदेशी वा विदेशी व्यक्ति वा संस्था जो सुकैलाई पनि प्रदान गर्न सकिने छ।
(घ) मानार्थ सदस्यता प्रदान गर्दा कुनै शुल्क लिईने छैन।
(ङ) मानार्थ सदस्यलाई मतदान वा उम्मेदवारी गर्ने अधिकार हुने छैन।

(४) संघको साधारण सदस्यता देहायको आधारमा प्रदान गरिने छ :

(क) नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलकुदप्रतिको रुचि राख्ने व्यक्ति।
(ख) नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको विधानप्रति आस्था र सम्मान गर्ने व्यक्ति।
(ग) नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको विधाने प्रति आस्था र सम्मान राख्ने समाजका बुद्धिजीवि, ब्यापारी, समाजसेवी तथा प्रतिष्ठित व्यक्तिहरु मध्येबाट जिल्ला संघले मनोनित गरेका बढीमा ३ (तीन) जना व्यक्ति।
(घ) साधारण सदस्यता केवल नेपाली नागरिकलाई मात्र प्रदान गरिने छ।
(ङ) साधारण सदस्यता यस विधान तथा सदस्यता सम्बन्धी नियमावली बनेको अवस्थामा सो नियमावली र केन्द्रीय कार्य समितिले दिएको निर्देशन समेतका आधारमा जिल्ला कार्य समितिले संघको साधारण सदस्यता प्रदान गर्न सक्नेछ। तर आजिवन र मानार्थ सदस्य केन्द्रीय कार्य समितिले मात्र प्रदान गर्न सक्नेछ।
(च) जिल्ला नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको सिफारिसमा संघद्वारा सदस्यता प्रदान गरिएका व्यक्तिवाट प्रवेश शुल्क वापत रु. १००/-
र वार्षिक सदस्यता शुल्क रु. ५१/- समेत रु. १५१/- बुझाउनु पर्नेछ।
(छ) साधारण सदस्यता शुल्क बुझाउदा अग्रिम एक मुष्ठ रुपमा ४ वर्षको बुझाउन सकिने छ। तर वार्षिक शुल्क आर्थिक वर्ष भित्र नबुझाई म्याद नाघेमा प्रति वर्ष हुन आउने जम्मा शुल्कको ५० (पचास) प्रतिशतका दरले थप जरिवाना दस्तुर सहित बुझाउन सक्नेछ।

Scanned with CamScanner

(ञ) साधारण सदस्यता संघले तोकेको समयभित्र नविकरण नगरिएमा सदस्यता समाप्त हुने छ।
(झ) मानार्थ र विशिष्ट सदस्यता प्रदान गर्ने अधिकार केन्द्रीय कार्यसमितीमा निहत हुने छ।
(ञ) साधारण सदस्यता शुल्क संघले थप वा घट गर्ने गरी निर्णय गर्न सक्ने छ।
(ट) जुन जिल्लाबाट सदस्यता प्राप्तिको लागि आवेदन गरेको हो सोही जिल्ला नेपाल स्केटिङ्ग तथा... संघको सदस्यता कायम रहने गरी सदस्यता प्रदान गरिने छ।

## १५. सदस्यता हुने योग्यता :

१. देहायका व्यक्ति मात्र सदस्य हुन योग्य हुने छन् :

(क) १८ बर्ष उमेर पुगेको नेपाली नागरिक हुनु पर्ने।
(ख) संघ वा संघ अन्तरगतका निकाय वा ईकाई र राष्ट्रिय खेलकुद परिषद्को बैतनिक कर्मचारी नभएका व्यक्ति।
(ग) मगज नबिग्रिएका व्यक्तिहरु।
(घ) नैतिक पतन हुने फौजदारी मुद्दामा अदालतबाट दोषी प्रमाणित नभएको र संघबाट कुनै कारवाहीमा नपरेका व्यक्तिहरु।

## १६. सदस्यताको समाप्ति :

(१) सदस्यता देहायको अवस्थामा समाप्त हुनेछ :

(क) विधानले तोकेको समयमा सदस्यता नविकरण नगरेमा।
(ख) संघको उद्देश्य बिपरित कार्य गरेको भनि संघले कारवाही गरेमा। तर, संघले साधारण सदस्यता समाप्त गर्ने गरी कारवाही गर्नुअघि सफाईको मौका सम्वन्धित साधारण सदस्यलाई दिनु पर्नेछ।
(ग) नैतिक पतन देखिने फौजदारी अपराधमा अदालतबाट दोषी प्रमाणित भएमा।
(घ) मगज बिग्रीएको वा मानसिक असन्तुलन भएको ठहर भएमा।
(ङ) गैर नेपाली ठहर भएमा।
(च) भ्रष्टाचारमा अदालतबाट दोषी प्रमाणित भएमा।
(छ) राजिनामा दिएमा।
(ज) राष्ट्रिय खेलकुद परिषद अन्तरग कार्यरत कर्मचारी भएमा।

(२) साधारण सदस्यको राजिनामा सम्वन्धित जिल्ला कार्य समितिले स्वीकृती गर्ने छ र यसको जानकारी प्रदेश संघ र केन्द्रीय संघलाई दिनुपर्ने छ।

## १७. कार्य समितिको सदस्यता समाप्ति हुने अवस्था :

१. कार्य समितिका पदाधिकारी तथा सदस्यहरुको देहायको अवस्थामा सदस्यता समाप्ति हुने छ :

(क) साधारण सदस्यता नविकरण नगरेमा।
(ख) संघको उद्देश्य विपरित कार्य गरेको ठहर गरी ब्रेकिन एण्ड डान्स स्पोर्टस संघले निर्णय गरेमा। तर त्यस्तो सदस्यलाई संघले सफाईको मौका दिनु पर्नेछ।
(ग) नैतिक पतन देखिने फौजदारी अपराधमा दोषी ठहरिएमा।
(घ) मानसिक सन्तुलन नभएको वा मगज बिग्रिएमा।
(ङ) सम्वन्धित सदस्य उपर अविश्वासको प्रस्ताव पारित भएमा।
(च) साहुको दामासाहीमा परेमा।
(छ) संघको बतनिक कर्मचारी नियुक्ति भएमा।
(ज) गैर नेपाली ठहरिएमा।
(झ) पदबाट राजिनामा दिएमा
(ञ) बैठकमा बिना सुचना लगातार तीन पटकसम्म अनुपस्थित भएमा।
(ट) मृत्यु भएमा।
(ठ) राष्ट्रिय खेलकुद परिषद अन्तरगर्त रहेका कुनै पनि निकायमा कार्यरत कर्मचारी भएमा।

(२) कार्य समितिका अध्यक्षले उपाध्यक्ष मार्फत कार्य समिति समक्ष राजिनामा पेश गर्न सक्नेछ र अन्य पदाधिकारी तथा सदस्यहरूले अध्यक्ष समक्ष राजिनामा दिन सक्नेछ। यसरी दिएको राजीनामा कार्य समितिको बैठकले स्वीकृती गर्नेछ तर, अध्यक्षको राजिनामा कार्य समितिका दुईतिहाई सदस्यको मतबाटमात्र स्वीकृत भएको मानिनेछ।

(३) राजिनामा स्वीकृत भएपछि त्यस्तो पदाधिकारी वा सदस्यले ७ (सात) दिनभित्र आफ्नो जिम्मेवारीमा रहेको नगद वा जिन्सी सामानको वर बुझारथ गर्नुपर्नेछ।

१८. रिक्त पदाधिकारी तथा सदस्यको पदपूर्ति :

(१) नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघ, प्रदेश नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघ र जिल्ला नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको कुनै सदस्यको पद यस विधान बमोजिम खालि भएमा साधारण सभा नहुन्जेल सम्म बाँकी अवधिका लागी देहाय अनुसार पदपूर्ति गरिने छ।

(क) कुनै पदाधिकारी वा सदस्यको जिम्मेवारी साबिक कार्य समितिका अर्को कुनै सदस्य वा पदाधिकारीले गर्ने गरी अध्यक्षले तोक्न सक्नेछ तर, अध्यक्षको पद खाली भएमा उपाध्यक्षहरूमध्ये वरिष्ठताको आधारमा उपाध्यक्षले अध्यक्षको काम गर्ने गराउने छ।

(ख) निर्वाचित पदाधिकारीहरुको पदमा साधारण सभा हुन ३ (तिन) महिनाभन्दा कम अवधि बाँकी रहेको अवस्थामा त्यस्तो कार्य गर्ने गरी अध्यक्षले नतोक्न पनि सक्ने छ।

(ग) अध्यक्षको पद १ (एक) वर्ष भन्दा बढि अवधि बाँकी रहेको अवस्थामा भने बाँकी अवधिका लागि दफा २१.बमोजिम निर्वाचनद्वारा बाँकी अवधिका लागि ३ (तीन) महिनाभित्र अध्यक्ष पदकालागि निर्वाचन गर्नुपर्नेछ।

(घ) रिक्त रहेको निर्वाचित पदाधिकारी वा सदस्यको स्थान साधारण सभाद्वारा पदपूर्ति गरिने छ तर, मनोनित पदाधिकारी वा सदस्यहरुको पद खाली रहेको अवस्थामा जुन प्रक्रियाबाट मनोनित भएको हो सोही प्रक्रियाबाट पदपूर्ति गरिने छ।

## परिच्छेद-७
## (अविश्वासको प्रस्ताव)

१९. अविश्वासको प्रस्ताव :

(१) नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको कार्य समिति, प्रदेश नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको कार्य समिति तथा जिल्ला ब नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको कार्य समिति समिति उपर वा सो संघका कुनै पदाधिकारी वा सदस्य उपर सम्बन्धित साधारण सभाका बहुमतले अविश्वासको प्रस्ताव दर्ता गराउन सक्ने छन् ।

(२) उपदफा (१) बमोजिम दर्ता हुन आएको अविश्वासको प्रस्ताव उपर छलफल र निर्णयका लागि सम्बन्धित कार्य समितिले ४५ (पैतालिस) दिनभित्र विशेष साधारण सभा बस्ने गरी सूचना दिनु पर्ने छ।

(३) अविश्वासको प्रस्ताव उपर छलफल गर्न बसेको साधारण सभाले अविश्वास प्रस्तावको पक्ष बिपक्षको राय र सम्बन्धित पदाधिकारी वा सदस्यको प्रतिबाद कथनलाई विचार गरी साधारण सभामा उपस्थित सदस्य संख्याको दुई तिहाई सदस्यले प्रस्तावको पक्षमा मत दिएमा अविश्वास प्रस्ताव पारित भएको मानिने छ। परिणाम स्वरुप सम्बन्धित कार्य समिति वा सदस्य आफ्नो पदबाट मुक्त भएको मानिने छ।

(४) अविश्वास उपर छलफल गर्न बोलाईएको विशेष साधारण सभाको अध्यक्षता कार्य समितिको अध्यक्षले गर्ने छ। तर, कार्य समितिको विरुद्ध अश्विासको प्रस्ताव दर्ता भएमा साधारण सभाको जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ र अध्यक्ष उपर अविश्वास प्रस्ताव दर्ता भएमा उपाध्यक्षहरूमध्ये वरिष्ठ उपाध्यक्षले विशेष साधारण सभाको बैठकको अध्यक्षता गर्नेछ।

(५) कार्य समिति उपर अविश्वासको प्रस्ताव पारित भएमा उक्त विशेष साधारण सभाबाट तीन महिनाभित्र निवाचन गराउने गरी सभाका सदस्यहरुमध्य बाट एक तदर्थ समिति गठन गर्ने छ।

(६) उपदफा (५) बमोजिम गठित तदर्थ समितिले दैनिक प्रशासनिक कार्यहरु र निर्वाचन मात्र गराउन पाउने छ। यसरी गठित तदर्थ समितिले कुनै नयाँ सदस्यता प्रदान गर्न सक्ने छैन र तत्काल कायम रहेका सधारण सभाबाट नै निर्वाचन गराउनु पर्नेछ।

(७) वार्षिक साधारण सभा बस्ने अवस्था रहेमा अविश्वासको प्रस्ताव त्यस्तो वार्षिक साधारण सभामा पनि पेश गर्न सकिने छ।

(८) कुनै पनि अविश्वासको प्रस्ताव निर्वाचन भएको एक वर्षसम्म पेश गर्न पाईनेछैन।

(९) कुनै पदाधिकारी, सदस्य वा समिति विरुद्ध वर्षमा एकपटक भन्दा बढि अविश्वासको प्रस्ताव पेश गर्न पाईने छैन।

Scanned with CamScanner

## परिच्छेद-८
## (कोष)

२०. **कोषको संचालन :**

(१) केन्द्रीय संघ, प्रदेश संघ तथा जिल्ला संघको कोष सम्बन्धित संघको कार्य समितिको अध्यक्ष, महासचिव र कोषाध्यक्ष मध्ये कुनै दुईजनाको संयुक्त हस्ताक्षरवाट संचालन हुनेछ ।

(२) केन्द्रीय संघ, प्रदेश संघ तथा जिल्ला संघको आफ्नो छुट्टै कोष रहने छ । जसमा देहायका रकमहरु रहने छन् ।

(क) नेपाल सरकार वा परिषद्‌वाट प्राप्त हुने आर्थिक सहयोग वा अन्य रकम ।

(ख) अन्तर्राष्ट्रिय दातृ संस्था वा व्यक्तिवाट प्राप्त चन्दा, दान वा उपहार ।

(ग) सदस्यताशुल्क, नविकरण शुल्क तथा अन्य विभिन्न सदस्यता शुल्कहरु ।

(घ) दर्ता नविकरण, गोष्ठि, सेमिनार, प्रतियोगिता, धरौटी तथा अन्य शुल्कहरू ।

(ङ) संघले आर्जन वा प्राप्त गरेको चल वा अचल सम्पत्ति ।

(च) संघले लगानी गरेको पुंजी र आर्जन गरेको अन्य रकम ।

(छ) निवार्चन दस्तुर (केन्द्रीय कार्य समितिले निर्णय गर्नेछ )

(३) संघको आर्थिक कारोबार संघको आर्थिक नियमावलिमा तोके बमोजिम हुनेछ तर आर्थिक नियमावलि बाहेक अन्यको हकमा केन्द्रीय कार्य समितिले तोके बमोजिम हुनेछ ।

(४) संघको आय व्यय र हिसाव किताबको लेखापरीक्षण नेपाल सरकारको स्वीकृति प्राप्त लेखा परीक्षकहरुमध्येबाट गरिने छ । लेखापरीक्षकको नियुक्ति कार्य समितिबाट हुने छ ।

(५) नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघले आवश्यक ठानेमा विदेशी मुद्राको बैंक खाता खोल्न सक्नेछ ।

(६) संघको आर्थिक वर्ष नेपाल सरकारको आर्थिक वर्ष अनुरुप नै हुने छ ।

## परिच्छेद-९
## (निर्वाचन)

२१. **निर्वाचन :**

(१) **कार्य समितिका पदाधिकारी तथा सदस्यहरूका लागि देहय बमोजिम निर्वाचनको व्यवस्था गरिएकोछः**

(क) संघको विधान अनुसार हुने केन्द्रीय कार्य समितिको निवाचनर्का लागि कार्य समितिबाट निर्वाचनको लागि मिति घोषणा गरिनेछ ।

(ख) केन्द्रीय कार्य समितिको निर्वाचनका लागि कार्य समितिले बढिमा ३ (तिन) सदस्यीय निर्वाचन समिति गठन गर्नेछ ।

(ग) प्रदेश र जिल्लाको निर्वाचनका हकमा सम्बन्धित प्रदेश र जिल्ला संघले निर्वाचन समिति गठन गरी केन्द्रीय संघमा अनुमोदनका लागि पठाउनु पर्नेछ ।

(घ) प्रदेश संघ र जिल्ला संघको निर्वाचनका लागि केन्द्रीय कार्य समितिले विधान बमोजिम निर्वाचन मिति घोषणा गर्नेछ र सम्बन्धित निर्वाचन समितिले निर्वाचन कार्य सम्पन्न गर्नेछ ।

(ङ) निवाचन मिति घोषणा भएको दिर्न देखी साबिक कार्य समितिहरूले नयाँ कार्य समितिबाट पदभार नसम्हाले सम्म नीतिगत निर्णय बाहेक अन्य दैनिक कार्यमात्र गर्न सक्नेछ ।

(च) निवाचर्न समितिले निवाचनको परिणाम घोषणा गरे पछि पुरानो कार्य समिति स्वत: खारेज भएको मानिनेछ ।

(छ) केन्द्रीय संघको निर्वाचनमा राष्ट्रिय खेलकुद परिषद, नेपाल ओलम्पिक कमिटी तथा अन्तर्राष्ट्रिय महासंघका प्रतिनिधिहरु पर्यवेक्षकको रूपमा उपस्थित हुन सक्नेछन ।

(ज) यस विधानमा जेसुकै लेखिएको भएता पनि प्रदेश संघ र जिल्ला संघको निर्वाचनको हकमा एक तहमाथिका निकायको आधिकार प्राप्त प्रतिनिधिको रोहबरमा निर्वाचन सम्पन्न गर्नुपर्नेछ ।

(झ) साधारण सभा वा विशेष साधारण सभा नबसेको अवस्थामा पनि निवाचन कार्यक्रम संचालन गर्न सक्नेछ । त्यस्तो निर्वाचनको कार्यक्रममा यस विधान बमोजिम मताधिकार प्राप्त सदस्यहरुले उपस्थित भई मत दिन पाउने छन् ।

(ञ) निवार्चनको कार्यविधि नबनेसम्म निर्वाचन समितिले निश्चित गरेका कार्यविधि अनुसार निवाचन सम्पन्न हुनेछ ।

(ट) निर्वाचन विधिवत, स्वतन्त्र र निष्पक्षरुपले सम्पन्न गर्ने उत्तरदायित्व निर्वाचन समितिको हुने छ ।

(ठ) निर्वाचन समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

(ड) निर्वाचन समितिमा रहेका प्रमुख निर्वाचन अधिकृत लगायत निवाचन समितिका सदस्यहरुले निर्वाचनमा उम्मेदवारी दिन पाउने छैन ।

(ढ) यस विधानमा अन्यत्र जेसुकै लेखेको भएता पनि कुनै कारणबस केन्द्रीय कार्य समितिको निर्वाचन स्थगन [illegible]एमा वा तोकेको समयमा निर्वाचन गर्ने अवस्था नरहेमा साबिकको कार्य समितिले आफनो कार्यकाल बढिमा ६ [illegible] थप गर्न सक्नेछ र सो अवधि भित्र अनिवार्य निर्वाचन गराउनु पर्नेछ तर, संघ अन्तर्गत बनेका प्रदेश संघ [illegible] को हकमा भने केन्द्रीय संघको निर्णय बमोजिम हुनेछ ।

(ण) केन्द्रीय कार्य समितिले आवश्यक ठानेमा कार्य समितिको निर्वाचन तोकेको मिति भन्दा बढीमा ६ (छ) [illegible] सम्पन्न गर्न पनि सक्नेछ तर, त्यस्तो निर्वाचनका लागि कार्य समितिको २/३ (दुईतिहाई) मतद्वारा [illegible]

## २२ : उम्मेद्वारी सम्बन्धी व्यवस्था :

(१) एक व्यक्तिले एक पदका लागि मात्र उम्मेदवारी दिन पाउने छ ।

(२) उम्मेदवारको साबिक पद उम्मेदवारी दिएको पदभन्दा तल्लो तहको रहेछ भने निजले उम्मेदवारी दर्ता गरेको मितिदेखी नै निजको कायम भएको साविक पद स्वत: समाप्त भएको मानिनेछ ।

(३) मनोनित हुने पदाधिकारी वा सदस्यहरूको साबिकको पद मनोनित भएको मितिदेखी स्वत: समाप्त हुनेछ ।

(४) उम्मेदवारी दिने व्यक्तिले संघलाई बुझाउनु पर्ने सम्पुर्ण शुल्क वा दस्तुर चुक्ता गरेको हुनुपर्नेछ जसको भरपाई उम्मेदवारी दर्ता गर्दा पेश गर्नुपर्नेछ अन्यथा उम्मेवारी स्वत: रद्द हुनेछ ।

(५) राष्ट्रिय खेलकुद परिषद अन्तर्गत कार्यरत कर्मचारीलाई कार्य समिति वा संघ अन्तर्गतका उपसमितिको कुनै पनि पदका लागि उम्मेदवारी दिने अधिकार हुनेछैन ।

## (२३) उम्मेद्वरी हुने योग्यता:

(१) केन्द्रिय कार्य समिति निवार्चनमा उम्मेद्वार हुने योग्यता देहाय बमोजीम हुनुपर्ने छ ।

(क) कार्य समितीका पदाधिकारी तथा सदस्य । यसले तदर्थ समितिलाई समेत जनाउने छ ।

(ख) विधानको दफा १२ (१) (ख) र (ग) ले तोके बमोजिम प्रदेश संघ र जिल्ला संघको प्रतिनिधि ।

(ग) केन्द्रिय कार्य समितिको पदाधिकारी पदमा उम्मेद्वार हुनको लागि केन्द्रिय कार्य समितिमा कम्तिमा एक कार्यकाल पुरा गरेको हुनुपर्नेछ र सदस्य पदको हकमा भने प्रदेश वा जिल्ला कार्य समितिको पदाधिकारी भई एक कार्यकाल पुरा गरेको हुनुपर्नेछ तर मनोनितको हकमा भने यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

(घ) विधानको दफा ३ (४) बमोजिम मनोनित कार्य समितिका पदाधिकारी तथा सदस्यहरूले उम्मेदवारी दिन पाउने छैन ।

(२) प्रदेश कार्य समिति निर्वाचनमा उम्मेदवार हुने योग्यता देहाय बमोजिम हुनु पर्नेछ:

(क) प्रदेश कार्य समितिका पदाधिकारी तथा सदस्यहरू । यसले तदर्थ समितिलाई समेत जनाउनेछ ।

(ख) विधानमा तोके बमोजिम जिल्ला कार्य समितिको प्रतिनिधि ।

(ग) प्रदेश कार्य समितिको पदाधिकारी पदमा उम्मेदवार हुनका लागि प्रदेश कार्य समिति वा केन्द्रीय कार्य समितिमा कम्तिमा एक कार्यकाल पुरा गरेको हुनुपर्नेछ र प्रदेश कार्य समितिको सदस्य पदमा उम्मेदवार हुनका लागि भने जिल्ला कार्य समितिमा रही एक कार्यकाल पुरा गरेको हुनुपर्नेछ, तर मनोनितको हकमा भने यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

(३) जिल्ला कार्य समिति निर्वाचनमा उम्मेदवार हुने योग्यता देहाय बमोजिम हुनु पर्नेछ:

(क) जिल्ला कार्य समितिका पदाधिकारी तथा सदस्यहरू यसले तदर्थ समितिलाई समेत जनाउनेछ ।

(ख) विधानमा तोके बमोजिम जिल्ला साधारण सभाका सदस्यहरु ।

(ग) जिल्ला कार्य समितिको अध्यक्ष पदको उम्मेदवारीका लागि जिल्ला कार्य समितिमा पदाधिकारी भई वा सोभन्दा माथिको तह वा ईकाईको कार्य समितिमा कम्तिमा एक कार्यकाल पुरा गरेको हुनुपर्नेछ जसले तदर्थ समितिलाई पनि जनाउनेछ तर मनोनितको हकमा भने यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

# परिच्छेद-१०

## (विविध)

## २४. विधानमा संशोधन :

(१) यस विधानमा कुनै संशोधन गर्नु परेमा केन्द्रीय कार्य समितिका सदस्यले कार्य समितिमा र अन्यले प्रदेश संघ, जिल्ला संघको सिफारिस सहित केन्द्रीय कार्य समितिमा साधारण सभा हुनु भन्दा कम्तीमा २१ (एक्काईस) दिन अगाडि लिखितरूपमा प्रस्तावित गर्न सक्ने छ ।

Scanned with CamScanner

(२) संशोधन प्रस्तावलाई केन्द्रीय कार्य समितिले साधारण सभामा पेश गर्नेछ तर, कार्य समितिलाई प्रस्तावित संशोधन उचित वा आवश्यक नलागेमा साधारण सभामा नलैजान पनि सक्नेछ ।

(३) संशोधन प्रस्ताव साधारणसभामा पेश भएमा सभाका उपस्थित सदस्यहरुको दुई तिहाई मतद्वारा पारित हुनुपर्नेछ ।

(४) संशोधित विधान साधारण सभाबाट पारित भएको मितिदेखी नै लागु हुनेछ ।

## २५. नियम वा विनियम बनाउने अधिकार :

(१) यस विधानको उद्देश्यहरु पूर्ति गर्न केन्द्रीय कार्य समितिले आवश्यक नियम तथा विनियमहरु बनाउन सक्ने छ ।

(२) केन्द्रीय कार्य समितिले नियम वा विनियम प्रस्ताव गरी साधारण सभाको स्वीकृती लिई लागू गर्ने छ ।

(३) संघको सदस्यता व्यवस्थित गर्न आवश्यकता परेमा कार्य समितिले सदस्यता वितरण नियमावली बनाई साधारण सभाको स्वीकृती लिई लागु गर्न सक्ने छ ।

(४) प्रदेश, जिल्ला, पालिका कार्य समितिले आवश्यक नियम तथा विनियम वा निर्देशिकाहरु बनाउन सक्नेछ, तर त्यस्तों नियम तथा विनियम नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको नियम तथा निर्देशिकासंग बाभिन नहुने र बाभेको हदसम्म स्वत: खारेजी हुनेछ । तर त्यस्तो विनियम वा निर्देशिका जारी गर्न अघि केन्द्रीय ब्रेकिन एण्ड डान्स स्पोर्टस संघको अनिवार्य स्वीकृति लिनुपर्नेछ ।

## २६. बाधा अडकाउ फुकाउने :

(१) यस विधानको कार्यान्वयनको लागि कुनै बाधा अड्काउ परेमा केन्द्रीय कार्य समितिले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकुवा गर्न सक्नेछ तर, त्यसको जानकारी आगामी केन्द्रीय साधारण सभालाई दिनु पर्ने छ ।

(२) यस विधानको कार्यान्वयनमा प्रदेश संघ वा जिल्ला संघलाई बाधा परेमा केन्द्रीय कार्य समिति समक्ष बाधा अड्कल फुकुवाको स्वीकृतिका लागि सिफारिस गर्न सकिने छ र त्यस्ता बाधा अडकाऊ फुकुवा केन्द्रीय कार्य समितिले स्वीकृति प्रदान गरेको अवस्थामा मात्र लागु हुनेछ ।

(३) यस विधानको कार्यन्वयनका कुनै दफा वा उपदफाको अन्तिम व्याख्याको अधिकार केन्द्रीय कार्य समितिमा निहित रहनेछ ।

## २७. अन्तर्राष्ट्रिय सदस्यता :

(१) नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघले ब्रेकिन एण्ड डान्स स्पोर्टस खेलको विकास, विस्तार र सहयोगको लागि जुनसुकै अन्तर्राष्ट्रिय संघ वा महासंघ आदिको सदस्यता ग्रहण गर्न सक्नेछ ।

## २८. निलम्बन तथा विघटन:

(१) संघ अन्तरगत बनेका प्रदेश संघ तथा जिल्ला संघ कार्य समितिलाई देहायको अवस्थामा संघले निलम्बन वा बिघटन गर्न सक्नेछ:

(क) नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलको मर्म र भावना विपरित कार्य गरेमा ।

(ख) संघको विधान तथा नियमावली र निर्देशन विपरित कार्य गरेमा ।

(ग) कार्य समितिमा आर्थिक पारदर्शीता नभएमा ।

(घ) कार्य समितिमा विचलन देखिएमा ।

(२) संघले आफु अन्तर्गत बनेका प्रदेश संघ र जिल्ला संघको कार्य समितिलाई ३ (तीन) महिनासम्म निलम्बन गर्न सक्नेछ, सो अवधिभरका लागि संघले नीतिगत कार्यबाहेक अन्य दैनिक कार्य गर्नका लागि संयोजक तोक्न सक्नेछ ।

(३) निलम्बन अवधिमा समितिको काम कारवाहीमा कुनै त्रुटि वा कसुर देखिएमा संघले त्यस्तो कार्य समिति भंग गरी ३ (तीन) महिनाभित्र निवाचन गर्न तदर्थ समिति गठन गर्नसक्नेछ । यसरी गठन भएको तदर्थ समितिले दैनिक कार्य बाहेक अन्य कुनै काम गर्न सक्ने छैन । तदर्थ समिति गठन भएको मितिदेखी नै संघले पूर्व तोकेको संयोजकको जिम्मेवारी समाप्त भएको मानिनेछ ।

(४) उपदफा (१) बमोजिम कारवाही अघि बढाउन अघि सम्बन्धित संघ वा समितिलाई प्रशस्त सफाईको मौका दिनुपर्नेछ ।

(५) कनै संघ विघटन भएमा त्यस्ता संघका पदाधिकारी तथा सदस्यहरूले ७ (सात) दिनभित्र सम्बन्धित निकायमा आफनो जिम्मेवारीमा रहेको नगद वा जिन्सी सामानको बर बुझारथ गर्नुपर्नेछ ।

## २९. सम्पति र दयित्व:

(१) नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको विघटन भई खारेज भएमा संघको सम्पुर्ण जायजेथा नेपाल सरकारमा सर्नेछ ।

(२) कुनै कारणवंश संघ अन्तर्गतका प्रदेश वा जिल्ला कार्य समिति भंगभई अर्को समिति गठन हुन नसकी त्यस्ता प्रदेश संघ वा जिल्ला संघ नै खारेज भएको अवस्थामा त्यस्ता संघका नाममा भएका सम्पुर्ण जायजेथा र सम्पत्ति नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघमा सर्नेछ ।

Scanned with CamScanner

(३) बिघटन हुनअघि उपदफा (२) बमोजिम विघटित संघ वा समितिले तिर्नुपर्ने बाँकी व्यक्यौता र दायित्वको हकमा भने नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघ जवाफदेही हुन बाध्य हुनेछैन ।

(४) संघ अन्तर्गत प्रदेश नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघ र जिल्ला नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको नाममा रहेका कुनै पनि चल वा अचल सम्पत्ति वा जग्गा जमिन सम्बन्धी कारोबार गर्न, बेचबिखान गर्न, भाडामा दिने वा लिने सम्झौता सम्झौता गर्दा केन्द्रीय कार्य समितिको अनिवार्य पूर्व स्वीकृति लिनुपर्नेछ ।

३०. **खारेज र बचाउ** :

(१) यो विधान लागु हुँदाको अवस्थामा कायम रहेको नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघ केन्द्रिय कार्य समितिको स्वीकृतिमा गठन भएको तदर्थ समिति, कार्य समिति, प्रदेश ब्रेकिन एण्ड डान्स स्पोर्टस संघ र जिल्ला नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघहरु यसै विधान बमोजिम गठन भएको मानिने छ । नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघ तदर्थ समितिले गरेका निर्णयहरु र कार्यहरु यसै विधान बमोजिम भए गरेको मानिने छ ।

(२) यस अघि कायम रहेको "नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको विधान २०६४" तथा त्यस अर्न्तरगत जारी भएका निर्देशिका यो विधान लागु भए पछि स्वत खारेज हुनेछ ।

(३) नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघको विधान २०६४ बमोजिम भए गरेका काम कारवाहि यसै विधान बमोजिम भए गरेको मानिने छ ।

## अनुसूचि - १

३१. **संघको प्रतिक चिन्ह(लोगो)**

लोगोको वरिपरि बाहिरी भागमा नेपाल स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग संघ लेखिएको छ । चित्री भागमा सगरमाथाको र लोगोको दाइने भागमा स्वयम्भुको र देब्रे भागमा नेपालको झण्डा र तलपट्टी ओलम्पीक संकेत चिन्ह भित्र स्केटिङ्ग तथा स्केटबोर्डिङ्ग खेलका प्रतिक चिन्ह रहेको छ । र मुनी संघको स्थापना २०१५ लेखीएको छ ।

## अनुसुचि - २

३२. **संघको झण्डाः**

केन्द्रीय संघ, प्रदेश तथा जिल्ला संघहरुको लोगो यहि अनुसार प्रदेश र संघ लेखिएको हुनेछ ।

Scanned with CamScanner